


# कक्षा 10 का विद्यार्थीहरूको मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. खोप

## महत्वपूर्ण जानकारी सन् 2024

## स्कूलमा लगाइने खोपका लागि अनलाइन मन्जुरीनामा उपलब्ध छ।

अभिभावक तथा संरक्षकहरूले आफ्नो बच्चा कक्षा 10 मा पुगेपछि उनीहरूको नियमित स्कूल खोपको लागि अनलाइन मन्जुरी दिन सक्दछन्।

**त्यसका आवश्यक कुराहरू निम्नानुसार छन्:**

1. तपाईंको सर्भिस एन.एस.डब्ल्यू. को लग-इन विवरणहरू
2. तपाई र तपाईंको बच्चाको मेडिकेयर कार्ड नम्बर (यदि तपाईंहरू दुवै जनासँग यो भएमा)
3. सन् 2024 मा तपाईंको बच्चा कुन माध्यमिक विद्यालयमा जानेछ भन्ने विवरण।

एन.एस.डब्ल्यू. स्कूल खोपारोपण कार्यक्रमको बारेमा थप जानकारीको लागि निम्न वेबसाईटमा जानुहोस् health.nsw.gov.au/schoolvaccination

अनलाइन सहमति प्रदान गर्न निम्न वेबसाईटमा जानुहोस् https://engage.health.nsw.gov.au/engage

**अधिक जानकारीको लागि:**

# मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. खोप

Meningococcal ACWY vaccination

## अभिभावक जानकारी पत्र

**नेशनल हेल्थ एण्ड मेडिकल रिसर्च काउन्सिलद्वारा विद्यालय खोप कार्यक्रममा किशोरकिशोरीहरूको लागि सिफारिश गरेका खोपहरू एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) ले प्रदान गर्छ। अभिभावक/संरक्षकले हस्ताक्षर गरेको मन्जुरी उपलब्ध गराउनु पर्नेछ।**

तपाईंको अर्को कदमहरु:

- तपाईंले गर्नु पर्ने अन्य कुराहरु
- यदि तपाईं आफ्नो बच्चालाई मेनिन्जोकोकल ए.सि. डब्ल्यु.वाइ. (meningococcal ACWY) विरूद्ध खोप दिन चाहनुहुन्छ भने अनलाईन तपाईंको मन्जुरी दिनुहोस् वा स्कूलसँग कागजमा छापिएको मन्जुरी फारमको लागि अनुरोध गर्नुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई मेनिन्जोकोकल ए.सि. डब्ल्यु.वाइ. विरूद्ध खोप दिन चाहनुहुन्न भने मन्जुरी फारम नभर्नुहोस्।

### प्रश्न. म विद्यालयमा खोप लगाउनको लागि कसरी सहमति प्रदान गर्न सक्छु ?

अनलाइन सहमति प्रदान गर्न तपाईंलाई निम्न कुराको आवश्यकता पर्दछ:

1. तपाईंको सर्भिस एन.एस.डब्ल्यू. लग-इन विवरणहरू (Service NSW log-in details) र
2. तपाईं र तपाईंको बच्चाको मेडिकेयर कार्ड (Medicare card) नम्बर (यदि तपाईंहरू दुवै जनासँग यो भएमा)

- यदि तपाईं वा तपाईंको बच्चासँग मेडिकेयर कार्ड छैन भने, अझै पनि कागजमा आधारित सहमति फारम (विद्यालयहरूसँग अनुरोध गरेमा उपलब्ध हुने) अनुरोध गरेर सहमति प्रदान गर्न सकिन्छ।

### प्रश्न. के म मन्जुरी फिर्ता लिन सक्छु ?

अभिभावकले खोप लगाउनुअघि कुनै पनि समयमा सहमति फिर्ता लिन सक्छन्।

सहमति अनलाइन दिइएको छ भने, कृपया सुरक्षित एन.एस.डब्ल्यू. हेल्थ (NSW Health) को अनलाइन सहमति पोर्टलमा लग-इन गर्नुहोस् र सहमति फिर्ता लिनका लागि संकेतहरूको पालना गर्नुहोस्।

लिखितरूपमा सहमति फारममा सहमति दिइएको छ भने, कृपया विद्यार्थीको नाम, विद्यालयको ग्रेड र कुन कुन खोपहरूको लागि सहमति फिर्ता लिइएको हो भन्ने जानकारी दिन विद्यालयलाई पत्राचार वा फोन गर्नुहोस्।

### प्रश्न. मेनिन्जोकोकल रोग के हो ?

मेनिन्जोकोकल एक विरलै हुने तर गम्भिर सङ्क्रण गराउने रोग हो जसबाट प्रायजसो मेनिन्जाइटिस (मस्तिष्क वरपर र मेरुदण्ड सुन्निने) र/अथवा सेप्टिकेमिया (रगत विषात्त हुने) गराउँछ।

मेनिन्जोकोकल रोगका लक्षणहरु निश्चित प्रकारका नहुन सक्छन् तर एक्कासि ज्वरो आउने, टाउको दुख्ने, घाँटि कडा हुने, जोर्नि दुख्ने, रातो गुलाबि रङ्गका दागहरु वा चोटहरु देखिने, चहकिलो प्रकाश मन नपर्ने, वाकवाकि लागे जस्तो हुने र बान्ता आउने लगायत हुन सक्छन्।

उचित एन्टिबायोटिक उपचार गराएता पनि मेनिन्जोकोकल सङ्क्रणहरुको 10 प्रतिशतसम्म घातक हुन्छ र बाँचेकाहरुमा दिर्घकालिन जटिलता छाडेर जान सक्ने हुनसक्छ।

### प्रश्न. मेनिन्जोकोकल रोग कसरी फैलिन्छ ?

मेनिन्जोकोकल जीवाणु (ब्याक्टेरिया) नाक र गला पछाडिको ऱ्यालबाट मानिसहरुमा सर्छ। यसको लागि सामान्यतया, जिवाणु बोकेको प्राय: स्वस्थ मानिससँग नजिकको र लामो सम्पर्क रहेको हुनुपर्छ। 'नजिकको र लामो सम्पर्क' को उदाहरणमा एउटै घरमा बस्ने अथवा घनिष्ठ (गहिरो) रुपले गरिने चुम्बन हो। मेनिन्जोकोकल जीवाणुहरु सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन र जीवाणु मानव शरीरभन्दा बाहिर बच्न गाह्रो हुन्छ।

### प्रश्न. खोपहरूले कसरी काम गर्छ ?

खोपहरूले केही खास संक्रमणहरूसँग प्रतिरक्षा प्रणालीद्वारा लड्नलाई सहायता गर्ने काम गर्छ। यदि खोप लगाएको व्यक्ति यस्ता संक्रमणहरूको सम्पर्कमा आयो भने, उसको प्रतिरक्षा प्रणालीले अझ प्रभावकारी रूपमा प्रतिक्रिया देखाएर रोगलाई बढ्नबाट रोक्न वा यसको गम्भीरतालाई धेरैहदसम्म घटाउन सक्षम हुन्छ।

### प्रश्न. मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. खोप कत्तिको प्रभावकारी छ ?

मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. संयुक्त खोपको एक मात्रा यी चार प्रकारका मेनिन्जोकोकल रोग विरूद्ध धेरै प्रभावकारी हुन्छ। यो खोपले टाइप बि बाट हुने मेनिन्जोकोकल रोग विरूद्ध बचाउँदैन।

### प्रश्न. कसले खोप लगाउनुपर्छ ?

माध्यमिक विद्यालयहरुको 10 कक्षाका सबै विद्यार्थीहरु, र इन्टेन्सिव इङ्‌लिश सेन्टर्समा सहभागी 15-19 वर्ष पुगेकाहरुले मेनिन्जोकोकल सेरोग्रुपस् ए, सि, डब्ल्यु र वाइ विरूद्‌ध बच्न खोप लगाउनुपर्छ।

### प्रश्न. कसलाई खोप दिनु हुँदैन ?

मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. खोप निम्न व्यक्तिहरूलाई दिनु हुँदैन :

- मेनिन्जोकोकल खोपको अघिल्लो खुराक लगाएपछि एनाफाइलेक्सिस भएको छ भने
- कुनै खोपको एडिटिभ्स (vaccine additives) का कारण एनाफाइलेक्सिस भएको छ भने

डिप्थेरिया टक्सोइड (diphtheria toxoid) प्रति अति संवेदनशील भएको थाहा भएका मानिसहरुले पनि मेनिन्जोकोकल ए.सि.डब्ल्यु. वाइ. खोप लिनु हुँदैन।

### प्रश्न. एनाफाइलेक्सीस भनेको के हो ?

एनाफाइलेक्सीस (Anaphylaxis) अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने गम्भीर एलर्जीक प्रतिक्रिया हो।

खोप दिएपछि यस्तो देखिने एकदमै दुलर्भ हुन्छ। विद्यालयमा खोप दिने नर्सहरू एनाफाइलेक्सीसको उपचारको लागि पूर्ण तालिमप्राप्त हुन्छन्।

### प्रश्न. के मेरो बच्चाले पहिले नै मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. खोप लिएको छैन ?

2018 जुलाई देखि 12 महिना उमेरका बालबालिकाहरुको लागि नेशनल इम्युनाइजेशन प्रोग्राम (राष्ट्रिय खोप कार्यक्रम) मा मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. खोप समावेश गरिएको छ। तपाईंको बच्चालाई पहिले मेनिन्जोकोकल सि खोप मात्र लगाइएको हुन सक्छ जसले मेनिन्जोकोकल सि रोग विरुद्द मात्र बचाउन सक्छ।

केहि निश्चित स्वास्थ्य अवस्था भएका विद्यार्थीहरु (जस्तै स्प्लिन नभएको अथवा रोग प्रतिरोधात्मक क्षमता कम भएको) लाई पहिले नै यो खोप दिइएका हुन सक्छन्। यदि दिइएको छ र अब अर्को बूस्टर खुराक दिने बेला भएको छ भने कृपया आफ्नो चिकित्सक अथवा विशेषज्ञसँग छलफल गर्नुहोस्।

### प्रश्न. मेरो बच्चाले पहिले नै मेनिन्जोकोकल सि खोप लिइसकेको छ - के उसलाई मेनिन्जोकोकल ए. सि. डब्ल्यु. वाइ. खोप लगाउनु सुरक्षित हुन्छ ?

धेरैजसो बालबालिकाहरुले शिशु अवस्थामै मेनिन्जोकोकल सि खोप लगाइ सकेको हुन्छन्।

केही देशहरुमा किशोरकिशोरी अवस्थाको लागि चाहिने बुस्टर सिफारिश गरिन्छ, र यो ए. सि. डब्ल्यु. वाइ. खोपले मेनिन्जोकोकल सि रोग विरुद्ध बुस्टर पनि दिनेछ साथै यसले ए, डब्ल्यु र वाइ प्रकारका विरुद्ध पनि बचाउ गर्छ। 'नो ज्याब, नो पे'(खोप नलगाए, भुक्तानी पाइन्न) भन्ने कार्यक्रम अन्तर्गत केही बालबालिकाहरुले मेनिन्जोकोकल सि खोप सन् 2015-2018 मा लगाएका हुन सक्छन्। मेनिन्जोकोकल ए. सि. डब्ल्यु. वाइ. खोप लगाउन अहिले सुरक्षित छ। सबै प्रकारका मेनिन्जोकोकल विरुद्ध सुरक्षा पाउन खोपको बिचमा कम्तिमा 4 हप्ताको अन्तराल राम्रो हुन्छ।

### प्रश्न. यो खोपका अन्य के के संकेतहरु हुन् ?

हजमा जाने लगायत, यात्रा गर्ने योजना बनाउने मानिसहरुमा मेनिन्जोकोकल रोग सर्ने जोखिम अधिक हुने हुनाले उनीहरुको लागि पनि यो खोप सिफारिश गरिन्छ। यो खोप केही पेशाकर्मीहरुका लागि जस्तै माईक्रोबायोलोजी (microbiology) प्रयोगशालाको कर्मचारी र केही निश्चित स्वास्थ्य अवस्था भएका जस्तै स्प्लिन (spleen) नभएकाहरुका लागि पनि सिफारिश गरिन्छ।

### प्रश्न. मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. (meningococcal ACWY) खोपमा के एडिटिभ्स (मिश्रण) मिसाइएको हुन्छ ?

यो खोपमा ट्रोमेटामोल, सुक्रोज र सोडियम क्लोराइड मिसाइएको हुनसक्छ। यी मिश्रणहरू खोपमा ज्यादै सानो परिमाणमा समावेश गरिएको हुन्छ ताकी त्यसले कि त खोपले काम गर्न सहायता पुऱ्याउँछ वा खोपलाई जोगाउने वस्तुकोरुपमा कार्य गर्छ।

### प्रश्न. खोपहरू कतिको सुरक्षित छन् ?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन् र थेराप्युटिक गुड्स एडमीनीस्ट्रेशन (Therapeutic Goods Administration; TGA) बाट पारित हुनुअघि कडा सुरक्षा परीक्षण पास गर्नुपर्छ। यसको साथै TGA ले प्रयोगमा आएका खोपहरूको सुरक्षा अनुगमन गर्छ।

### प्रश्न. मेनिन्जोकोकल ए.सि. डब्ल्यु.वाइ. (meningococcal ACWY) खोपबाट हुने अन्य असरहरू के के हुन् ?

यसका असरहरु सामान्यतया हल्का हुन्छन् र प्राय: ज्वरो आउने, टाउको दुख्ने, रिंगटा लाग्ने वा सुई हानेको ठाँउमा दुख्ने, सुन्निने र रातो हुनेहुन्छ। सुई हानेको ठाँउमा हुने असरहरु साधारणतया 2-3 दिनभित्र हराएर जान्छ। गम्भीर किसिमका असरहरु अत्यधिक दुर्लभ हुन्छन्।

खोपको असरहरुको बारे थप जानकारी उपभोक्ता औषधी सूचना (Consumer Medicine Information; CMI) मा [www.health.nsw.gov.au/schoolvaccination](http://www.health.nsw.gov.au/schoolvaccination) मार्फत प्राप्त गर्न सकिन्छ।

खोप दिए पश्चात् अतिरिक्त असरहरुप्रति चासो राख्ने बाबुआमाहरुले जी.पी. (GP) लाई सम्पर्क गर्नुपर्छ, जसले स्थानीय जन स्वास्थ्य इकाईमा खबर गरिदिनु पर्छ।

### प्रश्न. गर्भवती भएका अथवा हुन सक्ने आशंका भएका महिला विद्यार्थीलाई खोप दिन मिल्छ ?

मिल्दैन। गर्भवती भएका, अथवा आफू गर्भवती भएको हुनसक्ने आशंका गरिरहेका महिला विद्यार्थीलाई खोप दिन मिल्दैन। खोप दिने दिनमा नर्सहरूले महिला विद्यार्थीहरूलाई गर्भवती भएको अथवा हुन सक्ने आशंका छ कि भनेर सोध्नेछन्। यदि विद्यार्थीले छ भन्ने उत्तर दिएमा उसलाई खोप दिइने छैन। अनि सो विद्यार्थीलाई तुरुन्तै यस विषयमा आफ्नो बाबुआमा / अभिभावकसँग छलफल गर्न र चिकित्सकको सहायता लिन आग्रह गरिनेछ। यसको साथै उनीलाई सल्लाह, सहयोग र निर्देशनको लागि स्वास्थ्य सिफारिस सेवाको सम्पर्क विवरणहरू दिइनेछ।

### प्रश्न. यदि मेरो बच्चालाई दम (asthma) छ र पफर (puffer) द्वारा कोर्टिसोन (cortisone) अथवा प्रेडनीसोन (prednisone) लिने गरेको छ भने के हुन्छ ?

दमको कारणले जुनसुकै औषधि लिएको भएता पनि सुरक्षित तरीका अपनाएर कसैलाई मेनिन्जोकोकल ए.सि.डब्ल्यु.वाइ. (meningococcal ACWY) खोप दिन सकिनेछ।

### प्रश्न. विद्यालयमा नर्स आएको दिन मेरो बच्चा बिरामी वा अनुपस्थित भएर खोप लगाउन छुट्यो भने मैले के गर्नु पर्छ ?

यदि स्कूलमा खोप लगाउन छुटेको छ भने, सकेसम्म चाँडो क्याच-अप (छुटेको खोप लगाउने कार्य) हुनुपर्दछ। अभिभावकले खोपको व्यवस्था गर्न आफ्नो स्थानीय जी.पी. वा फार्मासिस्टलाई सम्पर्क गर्नुपर्छ।

### प्रश्न. मैले कसरी खोपहरूको रेकर्ड प्राप्त गर्न सक्छु?

तपाईंको बच्चाको खोपहरूको जानकारी अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (Australian Immunisation Register; AIR) मा अपलोड गरिनेछ ता कि यसलाई तपाईंको बच्चाको इम्युनाइजेशन इतिहाससँग जोड्न सकिन्छ।

अभिभावकहरूले आफ्नो बच्चा १४ वर्ष नपुगन्जेलसम्म कुनै पनि समयमा आफ्नो बच्चाको ए.आई.आर. इम्युनाइजेशन हिस्ट्री स्टेटमेन्ट (AIR Immunisation History Statement) को लागि अनुरोध गर्न सक्छन्, र १४ वर्ष र त्यसभन्दा बढी उमेरका विद्यार्थीहरूले आफ्नो इम्युनाइजेशन इतिहासको विवरणको लागि निम्न बमोजिम अनुरोध गर्न सक्छन्:

- मेडिकेयर अनलाइन एकाउन्ट प्रयोग गरेर myGov my.gov.au/ मार्फत
- मेडिकेयर एक्सप्रेस प्लस एप (Medicare Express Plus App) प्रयोग गरेर servicesaustralia.gov.au/express-plus-mobile-apps
- ए.आई.आर. साधारण सोधपुछ (AIR General Enquiries) लाई **1800 653 809** मा फोन गरेर।

### प्रश्न. मेरो बच्चाको बारेमा दिइएको जानकारीलाई के गरिन्छ?

मन्जुरी फारममा तपाईंले दिएको जानकारीहरू एन.एस.डब्ल्यु. र कमनवेल्थको कानुनमा भएको कडा गोपनीयता (confidentiality and privacy) प्रावधानहरूको अधीनमा रहनेछन् (संलग्न प्राइभेसी स्टेटमेन्ट हेर्नुहोस्)। यी सूचनालाई एन.एस.डब्ल्यु. स्वास्थ्य इम्युनाइजेशन रजिष्टरमा प्रविष्ट गरिनेछ र त्यसपछि अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ ताकि यो तपाईंको बच्चाको विद्यमान इम्युनाइजेशन ईतिहाससँग जोड्न सकिनेछ र माईगभ (MyGov) मा हेर्न सकिनेछ।

### प्रश्न. विद्यालयमा खोप कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ प्राप्त गर्न सक्छु?

थप जानकारी निम्नानुसार प्राप्त गर्न सकिन्छ :

- एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) को वेवसाइट www.health.nsw.gov.au/schoolvaccination मा गएर,
- तपाईंको स्थानीय पब्लिक हेल्थ युनिटलाई **1300 066 055** मा फोन गरेर।

Nepali

# मेनिन्जोकोकल ए.सि.डब्लु.वाइ. खोपको लागि अनुमति

अभिभावक / संरक्षकले भर्नुपर्ने। कृपया **कालो** अथवा **निलो** कलम प्रयोग गरी **ठूलो अक्षरमा** लेख्नुहोस्।

NSW GOVERNMENT

## 1. विद्यार्थीको विवरण

थर

नाम

जन्म मिति __ __ / __ __ / 2 0 __ __

लिङ्ग ☐ पुरूष ☐ महिला ☐ अनिश्चित/अन्तरलिंगी/अनिर्दिष्ट

कक्षा

विद्यालयको नाम

मेडिकेअर नम्बर

☐ मेडिकेअर कार्डमा तपाईंको बच्चाको नामको छेउमा भएको नम्बर

## 2. आदिबासी (Indigenous) सम्वन्धी जानकारी

☐ होइन ☐ हो, एवोरीजिनल (आदिवासी) ☐ हो, टोरेस् स्ट्रेट आइल्याण्डर ☐ हो, एवोरीजिनल (आदिवासी) र टोरेस् स्ट्रेट आइल्याण्डर दुवै

## 3. तपाईंको विवरण – अभिभावक वा कानुनी संरक्षक

मेनिन्जोकोकल ए.सि.डब्लु.वाइ. खोपबाट हुने फाइदाहरू तथा त्यसको कारणबाट हुनसक्ने सम्भावित असरहरूको बारेमा दिइएको जानकारीहरू मैले पढें र बुझें।

तसर्थ म माथि उल्लेखीत नाम भएको मेरो बच्चालाई मेनिन्जोकोकल ए.सि.डब्लु.वाइ. खोपको १ मात्रा लिन मन्जुरी दिन्छु।

मलाई थाहा भए अनुसार म घोषणा गर्छु कि मेरो बच्चालाई :

1. खोप लिए पछि कुनै एनाफाइलेक्टिक (अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने एलर्जिक प्रतिकृया) असर भएको छैन।
2. अभिभावकका लागि दिइएको जानकारी पत्रमा उल्लेख भए अनुसार खोपमा भएका तत्वहरूबाट अति संवेदनशील असर भएको छैन।
3. गर्भवती छैन।

अभिभावक/संरक्षकको नाम (उदाहरणको लागि JOHN SMITH)

घरको ठेगाना (उदाहरणको लागि 5 SMITH LANE)

सबर्व

पोष्टकोड

मोबाइल नम्बर

भरपर्दो वैकल्पिक नम्बर (एरिया कोर्ड सहित उदाहरणको लागि 02)

ईमेल ठेगाना

अभिभावक/संरक्षकको सही

✕

मिति __ __ / __ __ / 2 0 __ __

उदाहरणको लागि मात्र
यो मन्जुरी फाराम अंग्रेजीमा भर्नुहोस्

NSW GOVERNMENT

230688-2-16

## मेनिन्जोकोकल ए.सि.डब्लु.वाइ. खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने (यी विवरणहरू मेडिकेयर कार्डमा भएको विवरणहरूसँग मेल खानुपर्छ।)

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) :

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ✕

मिति / / 2 0

### नर्स को टिपोट

खोप नदिनाको कारण

- ☐ अनुपस्थित
- ☐ असहमति जनाउनु अर्थात इन्कार गर्नु
- ☐ सन्चो नभएको
- ☐ सही नगरेको
- ☐ मन्जुरी फिर्ता लिएको
- ☐ अन्य

## **अभिभावक/ संरक्षक** मेनिन्जोकोकल ए.सि.डब्लु.वाइ. खोपको रेकर्ड

### मेनिन्जोकोकल ए.सि.डब्लु.वाइ. खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) :

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ✕

मिति / /

### खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

### यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्